**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय,**
**बागमती प्रदेश, हेटौडा, मकवानपुर**

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७८।०४।१)

यस निर्देशनालयवाट चालु आ.व. ०७८।७९ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३०(६) तथा दफा ४१(१क) र सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन सहित)को नियम ७२ बमोजिम हुने खरिदको लागि आर्थिक वर्षको प्रारम्भदेखि नै मौजुदा सूची अद्यावधिक गर्ने कार्य हुने भएको छ । यसैले तपशिल बमोजिमका कार्यहरु गर्न ईच्छुक व्यक्ति, रजिष्टर्ड संस्था, फर्म/कम्पनीबाट फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मू.अ.क.मा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र आवश्यकता अनुसारको व्यवसायिक इजाजत पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिलका आइटमहरु मध्ये कुन कुन कार्य गर्न चाहेको हो सो प्रष्ट खोली सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन सहित) को अनुसूची २क बमोजिमको ढाँचामा निवेदन सहित रु.१० को टिकट अनिवार्य रुपमा टाँस गरी कार्यालय समयभित्र दर्ता चलानी शाखामा पेश गर्न सकिने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद नियमावलीको रीत नपुगी प्राप्त हुन आउने निवेदन उपर कुनै कारवाही हुने छैन । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस निर्देशनालयमा सम्पर्क गर्न सकिनेछ ।

***नोटः** निवेदनको ढाँचा निर्देशनालयवाट समेत उपलब्ध हुनेछ ।*

**तपसिल**

१.मसलन्द तथा कार्यालय सामग्री,
२.पत्रपत्रिका तथा पुस्तक आपूर्ति
३.छपाई सम्बन्धी सेवा
४.कुरियर सम्बन्धी सेवाहरु
५.फर्निचर तथा फिक्चर्स आपूर्ति तथा मर्मत सेवा
६.कम्प्युटर, प्रिन्टर, फोटोकपि मेसिन, युपिएस, एयर कन्डिसनर, अन्य मेशिनरी उपकरण आदि आपूर्ति र मर्मत सेवा
७.सवारी साधन (चार पाङ्ग्रे, मोटरसाइकल आदि) का पार्टपूर्जाहरु आपूर्ति तथा मर्मत सेवा
८.विज्ञापन प्रकाशन तथा सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी सेवा
९.जारको खानेपानी आपूर्ति सेवा १०.सरसफाई सम्बन्धी सेवा
११.निर्माण र मर्मत सम्बन्धी सेवा १२.तालिम र परामर्श सेवा सम्बन्धी(सडक,नदी नियन्त्रण,पुल आदि सर्भे)

**नि.निर्देशक**

डा. सहदेव बहादुर भण्डारी
निमित्त निर्देशक
NEC No.: 534 Civil "A"